# अपि पावर कम्पनी लिमिटेडको
# २२औं वार्षिक साधारणसभा को निर्णय

मिती २०८२/०९/२९ गते विहान ११ बजे देखि अपि पावर कम्पनी लिमिटेडको शेयरधनीहरुको २२औं वार्षिक साधारणसभामा संचालक समितीका अध्यक्ष श्रीमती सिर्जना खड्काको सभापतित्वमा कार्की ब्याङ्वेट, बबरमहल, काठमाडौंको सभाकक्षमा बसी देहायका विषयहरुमा छलफल गरी निम्नानुसार निर्णयहरु परित गरियो ।

**१) सभा भएको स्थान, मिति र समय:**

मिति : २०८२ साल पौष २९ गते मंगलबार (Tuesday, 13th January, 2026)
स्थान : कार्की ब्याङ्वेट, बबरमहल, काठमाडौं ।
समय : बिहान ११:०० बजे देखि

**२) उपस्थिती :**

क) सञ्चालक समितिका पदाधिकारीहरुको उपस्थिति:

| | |
|---|---|
| १. श्रीमती सिर्जना खड्का | अध्यक्ष |
| २. श्री संजिव न्यौपाने | कार्यकारी संचालक |
| ३. श्री द्वारिका प्रसाद न्यौपाने | संचालक |
| ४. श्री मिलन खड्का | संचालक |
| ५. श्री मधुसुदन कोइराला | संचालक |
| ६. श्री सुजन अधिकारी | कम्पनी सचिव |

ख) आमन्त्रित उपस्थिति:

| | |
|---|---|
| १. श्री दिवस राई | श्री कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. श्रीमती विन्दु ज्ञवाली | सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड |
| ३. श्री शिशिर भट्टराई | लेखापरिक्षक |
| ४. श्री सिता प्रसाद पोखरेल | कानूनी सल्लाहकार |

ग) शेयरधनीहरुको उपस्थिति:

प्रतिनिधी मार्फत तथा स्वयंम उपस्थित कूल शेयर संख्याको उपस्थिति प्रतिशत - ५१.३४ %
(माथि उल्लेख भए अनुसारको उपस्थिति कम्पनी ऐन २०६३ को दफा ७३ (२) अनुसार गणपूरक संख्याका लागि पर्याप्त छ ।)

**३) सभाको संचालन**

अपि पावर कम्पनी लिमिटेडको यस २२औं वार्षिक साधारण सभा कम्पनीका कम्पनी सचिव श्री सुजन अधिकारीले संचालन गर्नुभयो ।

४) **आशन ग्रहण :**

आजको यस २२औं वार्षिक साधारण सभामा कम्पनीका अध्यक्ष श्रीमती सिर्जना खड्काज्यूले सभापत्विको आशन ग्रहण गरी क्रमैसंग कार्यकारी संचालक, संचालक समितिका सदस्यहरु तथा अन्य आमन्त्रित तथा शेयरधनीहरुलाई आशन ग्रहण गरी सभा संचालन गरियो ।

५) **सभाको बैधानिकता :**

मिति २०८२ साल पौष ०७ गते बसेको यस कम्पनीको संचालक समितिको आ.व. २०८१/०८२, बैठक संख्या ९ को निर्णयानुसार कम्पनीको २२औं वार्षिक साधारण सभा मिति २०८२ साल पौष २९ गते मंगलबार संचालन गर्ने निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ७६ (२) बमोजिम सभा हुने मिति, स्थान र छलफल विषयहरु समेत उल्लेख गरी मिति २०८२ साल पौष ०८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा २२औं वार्षिक साधारण सभाको छलफलका विषयहरु संलग्न गरी यस सभाको संचालन सम्बन्धि जानकारी सहितको सूचना प्रकाशित गरी शयरधनी महानुभावहरुमा जानकारी गराइएको पाईयो । साथै दाश्रो पटक शयरधनी महानुभावहरुको स्मार्णथ मिति २०८२ साल पौष २१ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको र शेयरधनी महानुभावहरुले सहज रुपमा आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्शान, नगद प्रवाह विवरणको पुस्तक यस सभाकक्षमा वितरण गरेको, Ecopy कम्पनीको Website www.apipower.com.np, कम्पनीको Facebook Page मा Link Upload तथा नेपाल स्टक एक्सचेन्जमा कम्पनीको Portal मा समेत कम्पनीले राखिएको पाईयो ।

कम्पनी ऐन २०६३ को दफा ७३ (२) बमोजिम साधारण सभा संचालन गर्नका लागि कुल शेयर सदस्य संख्याको स्वयम् वा प्रोक्सी मार्फत उपस्थित ५० प्रतिशत भन्दा बढीको उपस्थिति हुनुपर्नेमा आजको यस सभामा कुल शेयर सदस्य संख्याको ५१.३४ प्रतिशत शेयरधनीहरुको प्रतिनिधित्व हुनेगरी यस सभामा उपस्थित हुनुहुने शेयरधनीहरु रहनु भएको हुनाले सभामा गणपूरक संख्या पुरा भई यस सभालाई बैधानिक घोषित गरी यस कम्पनीको संचालक समिति अध्यक्ष श्रीमती सिर्जना खड्काको सभापतित्वमा सभा संचालन भयो ।

६) **स्वागत मन्तव्य:**

अपि पावर कम्पनी लिमिटेडको २२औं वार्षिक साधारण सभामा कम्पनीका संचालक श्री द्वारिका प्रसाद न्यौपाने ज्यूले स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

७) **२२औं वार्षिक साधारण सभाका छलफका विषयहरु:**

कम्पनीका कम्पनी सचिव श्री सुजन अधिकारीले आजको २२औं वार्षिक साधारण सभामा स्मार्णाथ छलफलका विषयहरु प्रस्तुत गर्नुभयो ।

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४) कम्पनीको आर्थिक बर्ष २०८१/०८२ को खुद मुनाफाबाट कर प्रयोजनको लागि ०.२६३२ प्रतिशत नगद लाभांस वितरण गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव**

१) कम्पनीको आर्थिक बर्ष २०८१/०८२ को खुद मुनाफाबाट ५ प्रतिशतका दरले बोनश शेयर वितरण गर्ने सम्बन्धमा ।

२) आर्थिक बर्ष २०८१/०८२ सम्मको संचित मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशतका दरले बोनश शेयर वितरण पश्चात कायम हुने चुक्ता पूँजी रु.६३७.९७ करोडको १ शेयर बराबर ०.३० का दरले हुने रु. १९१.३९ करोड बराबरको हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा । प्रस्तावित हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम दिब्यज्योति हाइड्रोपावर लिमिटेडद्वारा निर्माणाधीन मस्याङ्दी बेसी जलविद्युत आयोजना निर्माणमा स्वपूँजी लगानी गर्ने ।

३) कम्पनीले बोनश शेयर तथा हकप्रद शेयर जारी गर्दा पूँजी संरचनामा बृद्धि हुने भएको हुँदा सो प्रयोजनका लागि प्रबन्धपत्रको दफा ६ संशोधन गर्ने सम्बन्धमा ।

४) बोनश शेयर तथा हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी अन्य निकायमा आवश्यक कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

५) कम्पनीले लगानी व्यवसाय विस्तार गर्ने हेतुले पूर्ण स्वामित्व रहने गरी स्थापना गरेको अपि होल्डिङ्स कम्पनी लिमिटेडमा हालसम्म भएको स्वपूँजी लगानी अनुमोदन तथा थप स्वपूँजी लगानी गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

६) कम्पनीको गाडी, स्क्राप लगायत अन्य सम्पत्तिहरु बिक्रि गर्नुपरेमा कम्पनीको संचालक समितिलाई अख्तियारी प्रधान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

## ८) आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत

- अपि पावर कम्पनी लिमिटेडका अध्यक्ष श्रीमती सिर्जना खड्का ज्यूले अध्यक्षको मन्तव्य सहित कम्पनीको आ.व. २०८१/०८२ को २२औं वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

अपि पावर कम्पनी लिमिटेड APC 2003 API POWER COMPANY LIMITED

- तत् पश्चात कम्पनीका संचालक श्री मधुसुदन कोइराला ज्यूले कम्पनीको हालसम्मका गतिविधिहरु तथा भावी कार्य योजना संलग्न प्रस्तुतीकरण प्रस्तुत गर्नुभयो ।
- त्यसपछी कम्पनीका वित्त प्रबन्धक श्री यजु सुवाल ज्यूले कम्पनीको आर्थिक बर्ष २०८१/०८२ को आय व्यय विवरण र वासलतको समिक्षात्मक प्रतिवेदन पेश गर्नुभयो ।

प्रस्तुती पश्चात् शेयरधनीहरुको विचार तथा सल्लाहहरु प्रस्तुत गर्न छलफल कार्यक्रम सुरु भयो ।

**९) साधारणसभामा उपस्थित शेयरधनीहरुबाट प्राप्त सुझाव तथा जिज्ञासाहरु :**

१) शेयरधनी श्री उत्तम पाठक

- कम्पनीको विस्तृत प्रस्तुतीकरणबाट कम्पनीका आयोजनाहरु तथा कम्पनीबाट लगानी भएका आयोजनाहरुको विस्तृत विवरण प्राप्त भएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- लगानी विविधीकरण गरेकोमा कम्पनीका संचालक समितिलाई उच्च सरहानियता व्यक्त गर्नुभयो ।
- कम्पनीको पूँजी धैरे बनाउनेमा जोड नदीन र कम्पनीको नेटवर्थ बलियो बनाउन लागी पर्न संचालक समितिको ध्यानाकर्षण व्यक्त गर्नुभयो ।
- कम्पनीको रिर्जभ बलियो बनाउनका लागि कम्पनीको मुनाफा कसरी बढाउन सकिन्छ त्यसमा ध्यान केन्द्रित गर्न जोड दिनुभयो ।
- यस २२औं वार्षिक साधारण सभाको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

२) शेयरधनी श्री जगदिश बहादुर पाल

- कम्पनीको संस्थापक अध्यक्ष, दार्चुलाबासीको हैसियतले समग्र दार्चुलाको तर्फबाट यस २२औं वार्षिक साधारण सभाको सफलताको कामना गर्दै कम्पनीले प्रदान गरेको ५ प्रतिशत बोनश स्वागत गर्नुभयो ।
- आगामी आ.व. हरुमा लाभांशको प्रतिशत बढाउनुपर्नेमा जोड दिनुभयो ।
- स्थानीयको नाताले उहाँले परियोजना स्थलको भौतिक अवलोकन गरेको जानकारी सबै शेयरधनीहरु माझ व्यक्त गर्दै यस कम्पनीको निर्माणाधीन २८.३ मेगावाट क्षमताको मध्य चमेलिया र ९.७ मेगावाट क्षमताको न्वागाढ जलविद्युत आयोजनाहरुमा लगानी स्वागत योग्य रहेको र सहजै उत्पादित विद्युत कम्पनीको १३२ के.भि. डबल सर्किट लाईन मार्फत राष्ट्रिय लाईनमा प्रवाह गर्न सकिने जानकारी दिनुभयो । कम्पनीले चयन गरेको यी आयोजनाहरुको लागि धन्यवाद व्यक्त गर्नुभयो ।
- बलाँच, न.वि.प्रा. सवस्टेशन देखि जौलजिवी, उत्तराखण्ड सवस्टेशनसम्म निर्माण हुने अन्तरदेशीय ट्रान्समिसन लाईनले गर्दा समग्र तहाँ रहेका आयोजनाहरुको विद्युत निर्यातमा टेवा पुग्ने कुरा बताउनुभयो ।
- यस कम्पनी तथा यस कम्पनीका सम्वद्ध कम्पनीहरुबाट निर्माण भएका आयोजनाहरु छोटो समयमा आयोजनाको समयवाधि भित्रनै सम्पन्न गरेकोमा सबैलाई कम्पनीको टिमलाई धन्यवाद व्यक्त गर्नुभयो ।

अपि पावर कम्पनी लिमिटेड APC 2003 API POWER COMPANY LIMITED

- अब कम्पनीले RoR प्रकृतिको आयोजना भन्दापनि PRoR प्रकृतिको आयोजना छनौट गरी निर्माण तथा संचालन गर्न जोड दिनुभयो ।
- कम्पनीद्वारा निर्माण गरिने न्वागाढ जलविद्युत आयोजना PRoR प्रकृतिको आयोजनामा डिजाईन गर्न अनुरोध गर्नुभयो ।
- लागनीको प्रतिफलको आशा शेयरधनीहरुले गर्नुभएको र सदैव लगानीकर्ताको हितमा कार्य गर्दै आकर्षक लाभांश प्रदान गर्न अनुरोध गर्नुभयो ।
- गत आ.व.को वार्षिक साधारण सभामा कम्पनीको आफ्नो कर्पोरेट विलडिङ्ग बनाउने आग्रह बमोजिम कम्पनीले जग्गा खरिद गरी निर्माण गरिरहेको जानकारी प्राप्त हुँदा सबै शेयरधनीहरु खुशी रहेको र समयमै निर्माण सम्पन्न गर्न आग्रह गर्नुभयो ।
- कम्पनीले प्रस्ताव गरेको १:०.३० हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम दिब्यज्योति हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित ५० मेगावाट क्षमताको मस्याङ्गदी बेसी जलविद्युत आयोजना निर्माण तथा संचालनमा लागनी गरिने विषयको स्वागत व्यक्त गर्दै समर्थन गर्नुभयो ।
- यस वार्षिक साधारण सभामा पेश गरिएको एजेण्डाहरु प्रति आफ्नो ऐकेबद्दता जाहेर गर्दै शुभकामना व्यक्त गर्नुभयो ।

३) शेयरधनी श्री शत्रुघन श्रेष्ठ

- अपि पावर कम्पनी लिमिटेडका पूर्व अध्यक्ष श्री गुरु प्रसाद न्यौपानेको भिजन, कार्यदिशा तथा निर्देशनको सम्झना व्यक्त गर्नुभयो ।
- विद्युत क्षेत्रमा लगानी गरेको यस कम्पनीले आयोजनाहरु निर्माण गरी संचालन गर्दै देशको अर्थतन्त्रमा टेवा पुगेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- समयावधि भन्दा अगाडी आयोजनाहरु निर्माण सम्पन्न गर्ने यस कम्पनीलाई नेपाल सरकारले कदर गर्नुपर्ने कुरामा जोड दिनुभयो ।
- यस कम्पनीको सम्बद्ध कम्पनीबाट निर्माणाधीन झम्सीखेल अर्पाटमेन्टको कार्य प्रगति अहोरात्र रहेकोमा खुशी व्यक्त गर्नुभयो ।
- यस कम्पनीमा गरिएको लगानी प्रति शेयरधनीहरु निश्चिन्त रहेको व्यक्त गर्नुभयो ।
- कम्पनीको यस २२औं वार्षिक साधारण सभामा पेश गरिएको एजेण्डाहरु प्रति आफ्नो ऐकेबद्दता जाहेर गर्दै कम्पनीको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्नुभयो ।

४) शेयरधनी श्री विशेष सिंह अमात्य

- कम्पनीको संचालक समिति एवम् कर्मचारीहरु सबै राष्ट्रिय पोसाकमा उपस्थीति हुनुभएकोमा खुशी व्यक्त गर्नुभयो ।
- २१औं वार्षिक साधारण सभामा ११ मेगावाट क्षमताको माथिल्लो तादी खोला जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरी विद्युत उत्पादन तथा सर्वसाधारणको लागि शेयर समेत जारी गर्ने उद्घोष बमोजिम कम्पनीले कार्य गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- अपि पावर कम्पनी लिमिटेड यस विद्युत उत्पादन श्रेत्रमा Leading कम्पनीको रुपमा प्रस्तुत भएको जानकारी व्यक्त गर्नुभयो । साथै वार्षिक दुई अर्ब कमाउने कम्पनीले आफ्नै नगद प्रवाहबाट मुनाफा आर्जन गर्दै पूँजी व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो ।

अपि पावर कम्पनी लिमिटेड APC 2003 API POWER COMPANY LIMITED

- कम्पनीले आफ्नो भवन निर्माणमा रु.४३ करोड लगानी हुने देखिएको र उक्त रकम कुनै बैंक तथा वित्तिय संस्थामा राखिएको वा कुनै आयोजनामा लगानी गरिएको भए आम्दानी हुने कुरामा जोड दिनुभयो ।
- कम्पनीले संचालन गरिरहेको आयोजनाहरुको Contract Energy र Generated Energy परदर्शी रहेको र सम्पूर्ण जानकारी प्रतिवेदनमा प्रस्तुत गरिएकोमा खुशी व्यक्त गर्नुभयो ।
- कम्पनीका संचालनमा रहेको आयोजनाहरुको ब्याज दर लक गर्नका लागि संचालक समिति तथा कम्पनी व्यवस्थापनलाई जोड गर्नुभयो ।
- बैंक तथा वित्तिय संस्थामा हालको अवस्थामा विद्यमान कर्जा दरले आयोजनाहरुको लागत घट्नुपर्ने विषयमा जिज्ञासा व्यक्त गर्नुभयो ।
- कम्पनीले लगानी Diversify गर्दा विचार गरी अध्ययन अनुसन्धान गर्न अनुरोध गर्नुभयो ।
- देशको उर्जामा यस कम्पनीले पुऱ्याएको योगदानको कदर गर्दै धन्यवाद व्यक्त गर्नुभयो ।
- कम्पनीले लाभांशको नीति अख्तियार गर्दा कम्पनीको बोनश शेयर दिई कम्पनीको पूँजी वृद्धि गर्नुभन्दा नगद लाभांश वितरण गर्नमा जोड गर्न अनुरोध गर्नुभयो ।
- कम्पनीले प्रस्ताव गरेको १:०.३० हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम दिब्यज्योति हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित ५० मेगावाट क्षमताको मस्याङ्गदी बेसी जलविद्युत आयोजना निर्माण तथा संचालनमा लागनी गरिने विषयको स्वागत व्यक्त गर्दै समर्थन गर्नुभयो ।

५) शेयरधनी श्री विज्ञान भण्डारी

- अपि पावर कम्पनी लिमिटेडको प्रतिवेदनहरु पारदर्शी रहेको र सबै आयोजनाका विवरणहरु तथा कम्पनी सम्बन्धी जानकारी सहजै उपलब्ध हुने भएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- कम्पनीको विषयमा अध्ययन अनुसन्धान गर्न सजिलो भएको जानकारी यस सभा समक्ष राख्नुभयो ।
- कम्पनीको आयोजनाहरु निर्माण तथा संचालन गर्न यस कम्पनीको व्यवस्थापनले लिएको जिम्मेवारी समयमै सम्पन्न गर्नुभएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- कम्पनीले छनौट गरेका सानो जलविद्युत आयोजनाहरु निर्माण सम्पन्न गर्न पनि सहज भएको र तुरुन्तै निर्माण सम्पन्न पश्चात् उत्पादित विद्युतको बिक्रि वितरणबाट नगद प्रवाह कम्पनीमा हुनेहुँदा अरुपनि आयोजनाहरुमा लगानी गर्न सहज हुने जानकारी व्यक्त गर्नुभयो ।
- यस कम्पनीका सहायक कम्पनी तथा सम्बद्ध कम्पनीहरुमा गरिएको लगानी हेर्दा र कम्पनीको Fair Value गर्ने हो भने कम्पनी आजको दिनमा दोश्रो बजारमा कम मूल्याङ्कन रहेको बताउनुभयो ।
- आयोजनाहरु निर्माण गर्दा विद्यमान ब्याज दरले गर्दा आयोजनाको Debt Equity Ratio मा परिवर्तन गरी लाभ लिन सुझाव व्यक्त गर्नुभयो ।
- दिब्यज्योति हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित ५० मेगावाट क्षमताको मस्याङ्गदी बेसी जलविद्युत आयोजना निर्माण तथा संचालनमा लागनी गरिने विषयको स्वागत गर्नुभयो ।

६) शेयरधनी श्री दिवाकर खड्का (लिखित मन्तव्य मार्फत)

- यस २२औं वार्षिक साधारण सभामा प्रस्ताव गरिएको ५ प्रतिशत बोनश स्वागत सहित सभाको सफलताको कामना व्यक्त गर्नुभयो ।

अपि पावर कम्पनी लिमिटेड APC 2003 API POWER COMPANY LIMITED

- आयोजनाहरुको विद्युत बिक्रि वापत प्राप्त हुने आम्दानी निश्चित रहेकोले चुक्ता पूँजी वृद्धि सहित प्रति शेयर आम्दानीमा गिरावट हुने कुराको जिज्ञासा व्यक्त गर्नुभयो ।
- कम्पनीको आ.व. २०८०/०८१ मा अन्य आम्दानी तर्फ रु. ३६ करोड रहेको र आ.व. २०८१/०८२ मा उक्त शिर्षकमा करिब ६५ प्रतिशत गिरावट आएको विषयमा जिज्ञासा प्रकट गर्नुभयो ।
- प्रशासनिक खर्च तर्फ कन्ट्रोल गर्न संचालक समितिको ध्यानाकर्षण गर्न र यस अवधि भएको प्रशासनिक तथा अन्य खर्च शिर्षकमा १०३ प्रतिशतले वृद्धि भएको विषयम जिज्ञासा व्यक्त गर्नुभयो ।
- कम्पनीको हकप्रद शेयर जारी गरी पूँजी वृद्धि हुने र आगामी वर्षमा लाभांश दिन कम्पनी असमर्थ हुने सम्भावना रहेको विषयमा चिन्ता व्यक्त गर्नुभयो ।

६) शेयरधनी श्री सुरेन्द्र चिमौरिया (लिखित मन्तव्य मार्फत)

- कम्पनीको आयोजनाहरुको स्थीति तथा कम्पनीका आर्थिक विवरणहरु पारदर्शी तरिकाबाट प्रतिवेदनमा उल्लेख गरिएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- कम्पनीले प्रस्ताव गरेको ५ प्रतिशत वोनश शेयर र त्यसमा लाग्ने कर रकम समेत कम्पनीले प्रस्ताव गरेकोमा खुशी व्यक्त गर्दै २२औं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।
- कम्पनीले प्रस्ताव गरेको १:०.३० हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम दिब्यज्योति हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित ५० मेगावाट क्षमताको मस्याङ्गदी बेसी जलविद्युत आयोजना निर्माण तथा संचालनमा लागनी गरिने विषयको स्वागत व्यक्त गर्दै समर्थन गर्नुभयो ।

७) शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठ (लिखित मन्तव्य मार्फत)

- कम्पनीको वार्षिक साधारणसभा समयमै सम्पन्न गर्नुभएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- आगामी वार्षिक साधारण सभा प्रथम त्रैमासिक भित्र गर्न आग्रह गर्नुभयो ।
- ५ प्रतिशत वोनश शेयर प्रदान गर्नुभएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
- आगामी आ.व.मा लाभांश बढाउनका लागि संचालक समितिको ध्यानाकर्षण गराउनुभयो ।
- हाल देशमा भएको आन्दोलन तथा वर्षाले के कति प्रभाव पुऱ्याएको विषयमा जिज्ञासा व्यक्त गर्नुभयो ।
- आ.व.को प्रतिवेदनमा उल्लेख भएअनुसार खर्च धेरै भएको विषयमा मितव्ययीता अपनाउन संचालक समितिको ध्यानाकर्षण गराउनुभयो ।
- कम्पनीलाई प्रगतिको स्थीतिमा पुऱ्याउन सहयोग गर्नुहुने सम्पूर्ण सबैमा आभार प्रकट गर्दै विशेषत संचालक समिति, व्यवस्थापन र कर्मचारीहरु प्रति आभार व्यक्त गर्नुभयो ।
- यस वार्षिक साधारण सभा समक्ष पेश गरिएको सम्पूर्ण एजेण्डाहरु प्रति ऐकेबद्दता जाहेरा गर्दै सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

८) शेयरधनी डा. रामजी प्रसाद पण्डित (लिखित मन्तव्य मार्फत)

- यस वार्षिक साधारण सभामा प्रस्तुत गरिएको ५ प्रतिशत वोनश शेयर तथा त्यसमा लाग्ने कर वापतको लाभांश प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

आपी पावर कम्पनी लिमिटेड APC 2003 API POWER COMPANY LIMITED

- ➢ लाभांश वितरण गर्दा फ्रयाक्सनमा शेयर आउँदा त्यसता शेयर बिक्रि नहुनेहुँदा Cummulative भएर क्यालकुलेसन हुने विषयमा जिज्ञासा व्यक्त गर्नुभयो ।
- ➢ यस वार्षिक साधारण सभा समक्ष पेश गरिएको सम्पूर्ण एजेण्डाहरु प्रति ऐकेबद्दता जाहेरा गर्दै सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

९) शेयरधनी श्री उत्तम दत्त पाण्डे (लिखित मन्तव्य मार्फत)

- ➢ कम्पनीको यस २२औं वार्षिक साधारण सभाको सफलताको कामना गर्दै कम्पनीले प्रदान गरेको ५ प्रतिशत बोनश तथा हकप्रद शेयरको स्वागत गर्नुभयो ।
- ➢ कम्पनीले गरेको सामाजिक उत्तरदायित्व तर्फका कार्यहरु स्वागत योग्य रहेको जानकारी व्यक्त गर्नुभयो ।
- ➢ कम्पनीको अपार सफलताको कामना व्यक्त गर्नुभयो ।
- ➢ कम्पनीको निर्माणाधीन आवासीय भवनको प्रगतिको विषयमा जिज्ञासा व्यक्त गर्नुभयो ।

१०) शेयरधनी श्री निरुपमा गुप्ता (लिखित मन्तव्य मार्फत)

- ➢ कम्पनीको वार्षिक साधारण सभा प्रथम त्रैमासिकमै सम्पन्न गर्न अनुरोध गर्नुभयो ।
- ➢ शेयरधनीहरुलाई प्रदान गरिने आगामी आ.व.को लाभांश वृद्धि गर्न र Double Digit मा प्रदान गर्न संचालक समितिको ध्यानकर्षण गराउनुभयो ।
- ➢ समाजिक उत्तरदायित्तव तर्फको बजेट निंधन तथा अशक्तको शिक्षामा लगानी गर्न संचालक समितिलाई आग्रह गर्नुभयो ।
- ➢ समय सापेक्ष खर्च गर्नु स्वभाविक रहेको तथापि मितव्ययीता अपनाउन संचालक समितिको ध्यानाकर्षण गराउनुभयो ।
- ➢ यस वार्षिक साधारण सभा समक्ष पेश गरिएको सम्पूर्ण एजेण्डाहरु प्रति ऐकेबद्दता जाहेरा गर्दै सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।
- ➢ कम्पनीको भावी कार्ययोजना तथा इनभेष्टमेन्ट पोलिसी प्रति जिज्ञासा व्यक्त गर्नुभयो ।
- ➢ कम्पनीको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्नुभयो ।

१०) **<u>शेयरधनीहरुबाट प्राप्त सुझाव तथा जिज्ञासाहरुको जवाफ :</u>**

शेयरधनीहरुले उठाएका जिज्ञासाहरुको जवाफ दिदैं कम्पनीका संचालक श्री संजिव न्यौपानेज्यूले शेयरधनीहरुको साधारण सभा मार्फत दिनु भएको अमूल्य र रचनात्मक सुझाव तथा सल्लाहहरु कम्पनीको विकासको लागि मार्गदर्शक हुनेहुँदा शेयरधनीहरुको सुझावहरुलाई गम्भिरतापूर्वक लिई अवलम्बन गर्दै जाने कुरा बताउनु भयो ।

कार्यकारी संचालक श्री संजिव न्यौपानेज्यूले उल्लेखित शेयरधनीहरुले सभामा प्रस्तुत गर्नुभएको प्रश्न र जिज्ञासाहरुको सामुहिक जवाफ दिदैं कम्पनीको भावी कार्यक्रममा मुनाफादायी जलविद्युत, सौर्य, हरित हाइड्रोजन ऊर्जा, वायु ऊर्जा परियोजनाहरुको सम्भाव्यता अध्ययनलाई प्राथमिकतामा राखी आयोजनाहरुको पहिचान गरी विकास गर्ने, मुनाफादायी व्यवसायहरुमा यस कम्पनीका सहायक कम्पनीहरु दर्ता गरी लगानी गर्ने, कम्पनीका संचालन तथा निर्माणाधीन आयोजनाहरुमा कम्पनीको स्वामित्वमा रहेको जग्गाहरुमा कृषिका कार्यक्रमहरु संचालन गर्ने, अन्तरदेशीय हाइभोल्टेज ट्रान्समिसन लाईन मार्फत विद्युत खरिद बिक्रि तथा इनर्जी एक्सचेन्ज सम्बन्धि कार्य गर्न नेपाल सरकारमा पहल

अपि पावर कम्पनी लिमिटेड APC 2003 API POWER COMPANY LIMITED

गर्ने तथा कम्पनीको संस्थागत सुशासनलाई सुदृढ गरी पारदर्शी हिसाब राख्ने, कम्पनीको सामाजिक उत्तरदायित्व निर्वाह गर्ने प्रतिबद्धता सहित सभामा शेयरधनीहरुलाई जानकारी गराउनुभयो ।

## ११) २२औं वार्षिक साधारण सभाबाट पारित निर्णयहरु

### क) सामान्य प्रस्ताव:

**निर्णय १.**

अपि पावर कम्पनी लिमिटेडको २२औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत भएको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.**

यस कम्पनीको लेखापरिक्षक श्री शिशिर बि एण्ड एसोसियटस्ले मिति २०८२ साल मंसिर २६ गते तयार पार्नुभएको आर्थिक वर्ष २०८१/०८२ को आय व्यय विवरण, नाफा नोक्सान हिसाब लेखापरीक्षण प्रतिवेदन यस सभा समक्ष पेश गरी छलफल हुँदा प्रतिवेदनमा उल्लेख भएका हिसाबहरुले कम्पनीको वास्तविकता झल्काएको पाईएको भनि सबै शेयरधनीहरुले एकेबद्दता जाहेर गर्नुभएकोले सर्वसम्मत निर्णयबाट पारित गरियो ।

**निर्णय नं. ३.**

अपि पावर कम्पनी लिमिटेडको आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्त गर्ने सम्बन्धमा छलफल गर्दा लेखापरिक्षक श्री मिलन एसोसियट्सलाई नियुक्त गर्ने र निजको पारिश्रमिक कर बाहेक रु. ६,००,०००.०० (अक्षरुपी छ लाख मात्र) हुने निर्णय सभाबाट सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. ४.**

अपि पावर कम्पनी लिमिटेडको आर्थिक वर्ष २०८१/०८२ को खुद मुनाफाबाट यस सभामा प्रस्तावित ५ प्रतिशत वोनश शेयर बाँडफाँड गर्दा कर प्रयोजनका लागि शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको ०.२६३२ प्रतिशत नगद लाभांश यस सभाबाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

### (ख) विषेश प्रस्ताव:

**निर्णय १.**

अपि पावर कम्पनीको आर्थिक वर्ष २०८१/८२ को खुद मुनाफाबाट चुक्ता पूँजीको शेयरधनीहरुलाई ५% (पाचँ प्रतिशत) बोनश शेयर जारी गर्ने निर्णय बमोजिम बोनश शेयर उपलब्ध गराउने र कम्पनीको पूँजीको संरचना परिवर्तन हुने भएकोले सो अनुकुल हुनेगरी कम्पनीको प्रबन्धपत्र दफा

अपि पावर कम्पनी लिमिटेड APC 2003 API POWER COMPANY LIMITED

६ मा संशोधन गर्ने तथा सो सम्बन्धि कार्य गर्ने अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव पारित गरियो ।

संशोधनको तीन महले यसै साथ संलग्न गरिएको छ ।

**बोनश शेयरबाट कम्पनीको पूँजी संरचनामा हुने परिवर्तन**

**तीन महले**

| हाल भईरहेको व्यवस्था | संशोधन गर्नुपर्ने | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ६ : कम्पनीको पूँजीको संरचना<br><br>(क) कम्पनीको अधिकृत पूँजी रु. ७,००,००,००,०००/- (सात अर्ब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ७०००००००० थान साधारण शेयरमा बिभाजन गरिएको छ । | दफा ६ : कम्पनीको पूँजीको संरचना<br><br>(क) कम्पनीको अधिकृत पूँजी रु. ९,००,००,००,०००/- (नौ अर्ब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ९०००००००० थान साधारण शेयरमा बिभाजन गरिएको छ । | कम्पनीले पहिचान गरेको विभिन्न आयोजनाहरुमा लगानी गर्न थप पूँजीको आवश्यक भएकोले । |
| (ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु. ६,०७,५९,२७,८०८/- (छ अर्ब सात करोड उनन्साठ्ठी लाख सत्ताईस हजार आठ सय आठ रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ६,०७,५९,२७८.०८ थान साधारण शेयरमा बिभाजन गरिएको छ । | (ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु. ६,३७,९७,२४,१९९/- (छ अर्ब सैतिस करोड सन्तानब्बे लाख चौबिस हजार एक सय उनान्सय रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ६,३७,९७,२४१.९९ थान साधारण शेयरमा बिभाजन गरिएको छ । | कम्पनीले पहिचान गरेको विभिन्न आयोजनाहरुमा लगानी गर्न थप पूँजीको आवश्यक भएकोले । |
| (ग) कम्पनीले तत्काल चुँक्ता गर्ने शेयर पूँजी रु. ६,०७,५९,२७,८०८/- (छ अर्ब सात करोड उनन्साठ्ठी लाख सत्ताईस हजार आठ सय आठ रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ६,०७,५९,२७८.०८ थान साधारण शेयरमा बिभाजन गरिएको छ । | (ग) कम्पनीले तत्काल चुँक्ता गर्ने शेयर पूँजी रु. ६,३७,९७,२४,१९९/- (छ अर्ब सैतिस करोड सन्तानब्बे लाख चौबिस हजार एक सय उनान्सय रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ६,३७,९७,२४१.९९ थान साधारण शेयरमा बिभाजन गरिएको छ । | कम्पनीले पहिचान गरेको विभिन्न आयोजनाहरुमा लगानी गर्न थप पूँजीको आवश्यक भएकोले ।<br><br>(बोनश शेयर लाभांश जारी) |

अपि पावर कम्पनी लिमिटेड अद्यावधिक गर्दा तथा यस कम्पनीको र यस कम्पनीबाट लगानी भएका आयोजनाहरु एवम् कम्पनीहरुको आयोजनामा लगानी, निर्माण तथा संचालन गर्दा नियामक नियमनकारी निकायहरुको निर्देशन बमोजिम केही थपघट गर्नुपर्ने भएमा अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव समेत यस सभाबाट पारित गरियो ।

अपि पावर कम्पनी लिमिटेड
2003
API POWER COMPANY LIMITED

**निर्णय २.**

अपि पावर कम्पनी लिमिटेडको आ.व. २०८१/०८२ को ५ प्रतिशत वोनश शेयर पश्चात् कायम रहने शेयर संख्या ६,३७,९७,२४१.९९ कित्तामा १ शेयर बराबर ०.३० अनुपातमा प्रति शेयर रु.१००/- अंकित दरको १,९१,३९,१७३ कित्ता शेयर निष्काशन गर्ने निर्णय यस सभाबाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो । प्रस्तावित हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने जम्मा रकम रु.१,९१,३९,१७,२६०.०० श्री दिब्य ज्योति हाईड्रोपावर लिमिटेडद्वारा लमजुङ्ग जिल्लामा प्रवर्द्धित ५० मेगावाट क्षमताको मर्स्याङ्गदी बेसी जलविद्युत आयोजनामा स्वपूँजी लगानी गर्ने प्रस्ताव यस साधारण सभाबाट सर्वसम्मत पारित गर्ने निर्णय समेत गरियो । यस आयोजनाको कुल लागत तथा लगानी विवरणको कार्ययोजना तपशिल बमोजिम रहेको जानकारी समेत यस वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुमा गराई अनुमोदन गरियो ।

मर्स्याङ्गदी बेसी जलविद्युत आयोजना निर्माणका लागि आवश्यक लगानी कार्य योजना

| क.सं. | विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | आयोजना कुल लागत | १०,७०,००,००,०००.०० | |
| २. | कुल आवश्यक स्वपूँजी | ३,२१,००,००,०००.०० | कुल लागतको ३० प्रतिशत |
| ३. | अपि पावर कम्पनी लिमिटेड | १,९५,००,००,०००.०० | यस वार्षिक साधारण सभाबाट पारित निर्णयानुसार १:०.३० हकप्रद शेयर निष्काशन मार्फत |
| ४. | रणनैतिक साझेदार | ६१,००,००,०००.०० | संस्थापक शेयरधनीहरु (व्यक्ति एवम् कम्पनी) |
| ५. | सर्वसाधारण शेयर निष्काशन | ६४,००,००,०००.०० | कुल स्वपूँजीको २० प्रतिशत सार्वसाधारणमा शेयर निष्काशन मार्फत |

कम्पनीका नियमक निकायहरु हकप्रद शेयर निष्काशन स्वीकृति प्राप्त गर्न तथा कम्पनीले हकप्रद शेयर निष्काशन स्वीकृती प्राप्त गरेपश्चात् कम्पनीको नियमावली तथा प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने कार्य गर्ने अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव समेत यस सभाबाट पारित गरियो ।

अपि पावर कम्पनी लिमिटेड APC 2003 API POWER COMPANY LIMITED

## निर्णय ३.

अपि पावर कम्पनी लिमिटेडको यस वार्षिका साधारण सभामा निम्न तपशिल बमोजिम पेश गरिएको प्रबन्धपत्र तथा नियमावली संशोधनको तीन महले प्रस्ताव यस सभाबाट सर्वसम्मत पारित गरियो ।

प्रबन्धपत्र संशोधन

**तीन महले**

| **हाल भईरहेको व्यवस्था** | **संशोधन गर्नुपर्ने** | **संशोधन गर्नुपर्ने कारण** |
|---|---|---|
| दफा ६ : कम्पनीको पूंजीको संरचना<br><br>(क) कम्पनीको अधिकृत पूंजी रु. ७,००,००,००,०००/- (सात अर्ब मात्र) हुनेछ । सो पूंजीलाई प्रतिशेयर रु. १००/- दरका ७०००००००० थान साधारण शेयरमा बिभाजन गरिएको छ । | दफा ६ : कम्पनीको पूंजीको संरचना<br><br>(क) कम्पनीको अधिकृत पूंजी रु. ९,००,००,००,०००/- (नौ अर्ब मात्र) हुनेछ । सो पूंजीलाई प्रतिशेयर रु. १००/- दरका ९०००००००० थान साधारण शेयरमा बिभाजन गरिएको छ । | कम्पनीले पहिचान गरेको विभिन्न आयोजनाहरुमा लगानी गर्न थप पूंजीको आवश्यक भएकोले । |
| (ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पूंजी रु. ६,०७,५९,२७,८०८/- (छ अर्ब सात करोड उनन्साठ्ठी लाख सत्ताईस हजार आठ सय आठ रुपैया मात्र) हुनेछ । सो पूंजीलाई प्रतिशेयर रु. १००/- दरका ६,०७,५९,२७८.०८ थान साधारण शेयरमा बिभाजन गरिएको छ । | (ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पूंजी रु. ६,३७,९७,२४,१९९/- (छ अर्ब सैतिस करोड सन्तानब्बे लाख चौबिस हजार एक सय उनान्सय रुपैया मात्र) हुनेछ । सो पूंजीलाई प्रतिशेयर रु. १००/- दरका ६,३७,९७,२४१.९९ थान साधारण शेयरमा बिभाजन गरिएको छ । | कम्पनीले पहिचान गरेको विभिन्न आयोजनाहरुमा लगानी गर्न थप पूंजीको आवश्यक भएकोले । |
| (ग) कम्पनीले तत्काल चुंक्ता गर्ने शेयर पूंजी रु. ६,०७,५९,२७,८०८/- (छ अर्ब सात करोड उनन्साठ्ठी लाख सत्ताईस हजार आठ सय आठ रुपैया मात्र) हुनेछ । सो पूंजीलाई प्रतिशेयर रु. १००/- दरका ६,०७,५९,२७८.०८ थान साधारण शेयरमा बिभाजन गरिएको छ । | (ग) कम्पनीले तत्काल चुंक्ता गर्ने शेयर पूंजी रु. ६,३७,९७,२४,१९९/- (छ अर्ब सैतिस करोड सन्तानब्बे लाख चौबिस हजार एक सय उनान्सय रुपैया मात्र) हुनेछ । सो पूंजीलाई प्रतिशेयर रु. १००/- दरका ६,३७,९७,२४१.९९ थान साधारण शेयरमा बिभाजन गरिएको छ । | कम्पनीले पहिचान गरेको विभिन्न आयोजनाहरुमा लगानी गर्न थप पूंजीको आवश्यक भएकोले ।<br><br>(बोनश शेयर लाभांश जारी) |
| (घ) कम्पनीको शेयर पूंजीको समुहगत वर्गिकरण देहाय अनुसार हुनेछ :-<br><br>कम्पनीको जारी पूंजी मध्ये ५१ प्रतिशत संस्थापक "क" समूहको | (घ) कम्पनीको शेयर पूंजीको समुहगत वर्गिकरण देहाय अनुसार हुनेछ :- | कापनीको उद्योग प्रभावित, सामुहिक लगानीकर्ता तथा कर्मचारीहरुको सम्पूर्ण शेयरहरु मिति २०७५/०५/२४ गतेबाट र संस्थापक शेयर मिति |

| | | |
|---|---|---|
| लागि र ४९ प्रतिशत सर्वसाधारण शेयरधनीहरु, "ख" समूहलाई वितरणको लागि छुट्वाइएको छ । | कम्पनीको जारी पूँजीको शतप्रतिशत शेयर साधारण शेयर कायम रहेको छ । | २०७५/०७/२४ गतेबाट लकईन पिरियड समाप्त भई साधारण शेयर सरह नेपाल स्टक एक्सचेन्जमा कारोबार भईरहेकोहुँदा । |

नियमावली संशोधन
तीन महले

| **हाल भईरहेको व्यवस्था** | **संशोधन गर्नुपर्ने** | **संशोधन गर्नुपर्ने कारण** |
|---|---|---|
| दफा ३१ : संचालक नियुक्त सम्बन्धि कुनै खास व्यवस्था:<br>(१) समूह "क" (संस्थापक शेयरधनीहरु) मध्यबाट ४ (चार) जना,<br>(२) समूह "ख" (साधारण शेयरधनीहरु) मध्येबाट २ (दुई) जना,<br>(३) स्वतन्त्र संचालक १ (एक) जंना हुनेछ । | दफा ३१ : संचालक नियुक्त सम्बन्धि कुनै खास व्यवस्था:<br>(१) साधारण समूहबाट चार ( चार) जना,<br>(२) स्वतन्त्र संचालक १ (एक) जना हुनेछ । | कम्पनीको उद्योग प्रभावित, सामुहिक लगानीकर्ता तथा कर्मचारीहरुको सम्पूर्ण शेयरहरु मिति २०७५/०५/२४ गतेबाट र संस्थापक शेयर मिति २०७५/०७/२४ गतेबाट लकईन पिरियड समाप्त भई साधारण शेयर समूह मात्र कायम रहेको ।<br>दफा २७ को २ ले यस कम्पनीमा ५ जना संचालक समिति कायम गरेको जसमा १ स्वतन्त्र तथा १ जना महिला संचालक हुने व्यवस्था रहेको । |

साथै कम्पनी अद्यावधिक गर्दा नियामक नियमनकारी निकायहरुको निर्देशन बमोजिम केही थपघट गर्नुपर्ने भएमा अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव समेत यस सभाबाट पारित गरियो ।

**निर्णय ४.**

अपि पावर कम्पनी लिमिटेडले आ.व २०८१/८२ को संचित मुनाफाबाट वितरण गर्ने कुल चुक्ता पूँजी रु. ६,०७,५९,२७,८०८ को ५ प्रतिशतले हुने रु ३०,३७,९६,३९१ बराबरको बोनश शेयर वितरण गर्ने तथा बोनश शेयर निशष्काशन पछि कायम हुने चुक्ता पूँजी रु ६३७.९७ करोडको **१ : ०.३०** को अनुपातमा रु. १०० अंकित दरका कुल रकम रु १९१.३९ करोडको हकप्रद शेयर जारी, निष्काशन तथा बिक्रि गर्दा नियमनकारी निकाय श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड , श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, श्री सिडिएस क्लिरिङ्ग लिमिटेड तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायहरुमा आवश्यक कार्य गर्दा संशोधन,

अपि पावर कम्पनी लिमिटेड APC 2003 API POWER COMPANY LIMITED

हस्ताक्षर, प्रतिबद्धता, घोषणा गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने निर्णय पारित गरियो ।

**निर्णय ५.**

अपि पावर कम्पनी लिमिटेडले व्यवसाय विस्तार गर्ने योजना अनुरुप १०० प्रतिशत स्वामित्व रहनेगरी अपि होलडिङ्गस कम्पनी लिमिटेड श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गराएको छ । यस कम्पनीबाट अपि पावर कम्पनी लिमिटेडको संचालक समितिबाट निर्णय भएबमोजिम विभिन्न नाफादायिक क्षेत्र पहिचान गरी कम्पनीको संस्थापक शेयरमा लागानी गर्ने तथा दोश्रो बजार शेयर बजारको वस्तुस्थीतिको मूल्याङ्कन गर्दै कम्पनीहरु पहिचान गरी लगानी गर्नेगरी कार्य गर्ने हेतुले यस संस्थाको संस्थापना गरी लगानी गरिरहेको छ । हालसम्म यस संस्थामा अपि पावर कम्पनी लिमिटेडले रु ५,८१,५०,०००.०० रकम लागनी गरिसकेको र उक्त लगानी तथा अपि होलडिङ्गस कम्पनी लिमिटेडको लगानी आवश्यकता अनुसार मूल्याङ्कन गरेर थप स्वीपूँजी रकम लगानी गर्न संचालक सगितिलाई अख्तियारी प्रदान गर्दै यस सभा समक्ष अनुमोदनका लागि पेश गरिएकोमा यस सभाबाट सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय ६.**

अपि पावर कम्पनी लिमिटेडको विभिन्न आयोजनाहरु निर्माण तथा संचालनको क्रममा कम्पनीको स्वामित्वमा रहेका पुराना गाडी, स्क्राप लगायत अन्य आयोजनाका काम नलाग्ने अवस्थाका सम्पत्तिहरु बिक्रि गर्नुपरेमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय यस सभाबाट सर्वसम्मत पारित गरियो ।

**(ग) विविध ।**

विविध तर्फ बिषयहरु नभएको

१२) **सभा विसर्जन** :

यस साधारण सभाको सूचनाका साथ पठाइएको सम्पूर्ण सामान्य तथा विषेश प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा पारित भएको घोषणा गरियो । सभाको अन्त्यमा अध्यक्षज्यूले उत्साह एवमं उमंगका साथ धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा सहभागी भई यस साधारण सभालाई सफलता पूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै सभा विसर्जन गर्नुभयो ।

अपि पावर कम्पनी लिमिटेड APC 2003 API POWER COMPANY LIMITED